"सहकारी संघ/संस्थाहरुको प्रबर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita Half-Yearly (अर्ध-वार्षिक)

2012 - International Year of COOPERATIVES

वर्ष १, अङ्क २ August 2012 साउन-माघ २०६९

# राष्ट्रिय सहकारी बैंक लिमिटेड दशौं वर्षमा प्रवेश

## नेपालको गरीवी निवारणमा सहकारी बैंकको भूमिका बढाउनुपर्छ : मन्त्री ढकाल



बैंकको दशौ स्थापना दिवसका अवसरमा शुभकामना मन्तव्य दिँदै सहकारी तथा गरिवी निवारण मन्त्री एकनाथ ढकाल

काठमाडौं/नेपालका सम्पूर्ण सहकारीहरुको एक मात्र केन्द्रीय बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेड २०६९ असार २५ गतेदेखि दशौं वर्षमा प्रवेश गरेको छ। २०६० असार २५ गते दर्ता भएर २०६१ साउन १९ गतेदेखि कारोबार शुरु गरेको राष्ट्रिय सहकारी बैंक लिमिटेड सहकारी क्षेत्रको शसक्त र सबैभन्दा ठूलो संगठनका रुपमा स्थापित भएको छ। बैंकमा नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारीहरुको छाता संगठन राष्ट्रिय सहकारी संघ लि., केन्द्रीय सहकारी संघहरु लगायत देशभरका झण्डै ५ हजार सहकारी संघ संस्थाहरु आबद्ध छन्।

प्रारम्भिक सहकारी संस्थाहरूदेखि नेपाल सरकारसम्मलाई वित्तीय रुपमा एकठाउँमा सहभागी गराउन सक्ने प्रावधान सहितको राष्ट्रिय सहकारी बैंक, सदस्यहरूको हिसावले सबै भन्दा धेरै जिल्लामा फैलिएको, धेरै सदस्य भएको, धेरै शाखा भएको वित्ती संस्था हो। सहकारी बैंकलाई सबै सहकारीहरुको केन्द्रीय बैंक बनाउन, सहकारी बैंक ऐन ल्याउन तथा नेपाल सरकारले सहकारी क्षेत्रमा गर्ने सम्पूर्ण लगानी सहकारी बैंक मार्फत लक्षित वर्गमा पुऱ्याउनका लागि राज्यले ध्यान दिन जरुरी रहेको बैंकको दशौं वर्षमा प्रवेशको अवसरमा आयोजित कार्यक्रममा सहकारी क्षेत्रका अगुवाहरूले बताएका छन्।

बैंकको दशौ स्थापना दिवस २०६९ असार २५ गते एक भव्य कार्यक्रमको आयोजना गरी काठमाडौं मनाइएयो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि सहकारी तथा गरिवी निवारण मन्त्रालयका मन्त्री एकनाथ ढकालले नेपालको गरिवी निवारणमा सानो पुँजीको धेरै ठुलो महत्व रहेको र सानो पुँजी संकलन गरी गरिवी निवारण गर्न सहकारी बैंकले राम्रो योगदान पुऱ्याउन सक्ने बताउनुभयो।

बाँकी ११ पेजमा ...............

# बैंकद्वारा सञ्चालित युवा स्वरोजगार कार्यक्रम प्रभावकारी

हिरालाल सुनार

ललितपुर/युवा तथा साना व्यवसायी स्वरोजगार कोष अर्न्तगत राष्ट्रिय सहकारी बैंक लिमिटेडले पूर्वमा झापादेखि पश्चिममा दार्चुलासम्ममा लगानी गरी स्वरोजगार व्यवसायी बनाउन सफल भएको छ।

छ वर्ष इजरायलमा बिताएका काठमाडौं काभ्रेस्थलीका पेमा लामा र उनका तीनजना साथी बीरबहादुर गुरुङ, शिवहरि भण्डारी र किर्तिमान वि.क.को जीवन फेरिएको छ। राष्ट्रिय सहकारी बैंक मार्फत युवा तथा साना व्यवसायी स्वरोजगार कोषको रकम जनता 'बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड काठमाडौंले प्राप्त गरी उनीहरूको व्यवसाय संचालनका लागि लगानी गरेको हो।

व्यवसायीक तरकारी खेती गर्न थालेपछि उनले इजरायलमा बिताएका दुःखका दिन बिर्सिन थालेका छन्। अहिले पनि उनको फर्ममा सागभाजी, खुर्सानी, टमाटर लटरम्म

बांकी ११ पेजमा...............

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

**सल्लाहकार**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**प्रकाशन समिति**
संयोजक- सरिता भट्टराई
सदस्य - हरिहरनाथ योगी

**सम्पादक**
रामबहादुर जि.सी.

**सहयोगी**
भाषा शर्मा
हिरा सुनार
सुरेश खनाल

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लि.
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर
फोन : ०१-५०११७८२/फ्याक्स : ०१-५५५५६८७
Email: sahakaritacontact@gmail.com
Email: info@coopbank.com.np
Website: www.coopbank.com.np

**मुद्रण :**
सिम्को विजिनेस सिस्टम प्रा.लि. काठमाडौं ०१-४२२३३०१

# सम्पादकीय

## सहकारी क्षेत्रमा जाने बजेट सहकारी बैंक मार्फत परिचालन गर्नुपर्छ

नेपालको गरिवी निवारणका लागि सहकारी उत्तम व्यवसाय हो। तर सहकारीको शुरुवात भएको ५६ वर्ष पुगीसक्दा पनि यो क्षेत्रलाई व्यवस्थित गराउन सकिएको छैन। २०१३ देखि २०४७ सालसम्म सहकारी क्षेत्र कहिरोको काग बन्यो, २०४८ सालको सहकारी ऐन र २०४९ सालको सहकारी नियमावलीपछि यो क्षेत्रले विस्तारै प्रगति गर्दै गयो। सहकारी क्षेत्र मुलुकको आर्थिक विकासको महत्वपूर्ण पाटो हो भन्दा भन्दै पनि राज्य सञ्चालकहरुले फेरि पनि यसलाई सही ढंगले सम्बोधन गर्न सकेनन्। २०६३ को अन्तरिम संविधानमा मुलुकको अर्थतन्त्रका तीन आधार स्तम्भ मध्ये सहकारी क्षेत्रलाई एउटा उल्लेख गरियो। त्यसपछि सहकारी क्षेत्रप्रति जनताको आकर्षण अत्यन्तै बढेर गएको छ। सहकारी क्षेत्रले मुलुकमा गरेको योगदानको यथार्थ तथ्यांक बाहिर आउन आवश्यक छ। जनताको आकर्षणसंगै विकर्षणहरु पनि देखिन थालेका छन्। सहकारीको नाममा राज्यका कोषहरु गलत तरिकाले प्रयोग भैरहेको पनि देखिन थालेका छन्। यसले सहकारी क्षेत्रलाई बद्नाम गराउन सक्छ। यसतर्फ सबैको चासो जान आवश्यक छ।

नेपाल सरकारले यो देशका सम्पूर्ण सहकारीहरुलाई व्यवस्थित गराउनका लागि सहकारी तथा गरीवी निवारण मन्त्रालय गठन गरेको छ। सहकारी मन्त्रालयले सहकारी क्षेत्रलाई व्यवस्थित गराउनका लागि सहकारी ऐन तत्काल परिमार्जन गरी व्यवहारिक बनाउनुपर्छ, सहकारीका नाममा व्यापार गर्ने प्रवृतिको अन्त्यका लागि अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउनुपर्छ, सहकारीको भावना, उद्देश्य अनुरुप सञ्चालन भएका, आयात प्रतिस्थापन र निर्यात बढाउनका लागि उत्पादनमुलक काम गरेका सहकारीहरुलाई प्रोत्साहन हुने, सहकारी सिद्धान्त, मूल्य मान्यता विपरित काम गर्ने सहकारीहरुलाई दण्डित गर्ने खालको नीति आवश्यक छ। यस कार्यमा सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्डसँगै राष्ट्रिय सहकारी संघ, केन्द्रीय सहकारी संघहरु, जिल्ला सहकारी संघ, विषयगत सहकारी संघहरु र प्रारम्भिक सहकारी संस्थाहरु समेतको भूमिका सहकारीमैत्री हुनुपर्छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड मुलुकभरका सहकारीहरुको एकमात्र बैंक हो, यसलाई सहकारीको केन्द्रीय बैंकका रुपमा विकास गर्नका लागि राज्यको नीति आवश्यक छ। सहकारी बैंक ऐनको व्यवस्था गरेर सहकारी क्षेत्र जाने सम्पूर्ण रकम सहकारी बैंक मार्फत परिचालन गर्नुपर्छ। सहकारी बैंक देशका ६७ जिल्लामा पुगिसकेको छ र यसलाई छिट्टै ७५ जिल्लामा पुऱ्याउनुपर्छ। २९ वटा शाखा मार्फत काम भैरहेको छ र प्रत्येक जिल्लामा शाखा सञ्चालन गरेर जनतालाई स्वरोजगार बनाउने, गरीवी निवारणका लागि खर्चिने रकम यही बैंक मार्फत परिचालनका लागि सबै केन्द्रीय संघहरु, राष्ट्रिय सहकारी संघले सहयोग गर्न र सहकारी बैंकले यसका लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ। सहकारी क्षेत्रको वित्तिय कारोबारलाई व्यवस्थित गराउन राज्यले सहकारी बैंकलाई जिम्मेवारी दिनुपर्छ र त्यसका लागि सहकारी बैंकलाई सक्षम बनाउनुपर्छ।

## सहकारी बैंकलाई सहकारीको केन्द्रीय बैंक बनाउनुपर्छ



रमेशप्रसाद पोखरेल
अध्यक्ष

सहकारीका सदस्य संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुऱ्याउने, नेपाल सरकार तथा राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधीनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी आन्दोलनलाई सहयोग पुऱ्याउने, पूँजी अभाव भएका सहकारी संघ संस्थाहरुलाई कर्जा स्वरुप पूँजि सहयोग गरी व्यावसायिक बनाउने र क्रमश: पूँजीमा आत्मनिर्भर गराउँदै लैजाने लगायतका उद्देश्य राखेर स्थापना भएको राष्ट्रिय सहकारी बैंकलाई मुलुकभरका सहकारीहरूको केन्द्रीय बैंक बनाउनका लागि सबै सहकारीकर्मीहरू जुट्न आवश्यक छ।

राज्यले अर्थतन्त्रका ३ स्तम्भ मध्ये एक स्तम्भका रुपमा स्वीकार गरेको सहकारी क्षेत्र, संयुक्त राष्ट्रसंघले समेत 'सहकारी व्यवसायद्वारा समृद्ध विश्व निर्माण' भन्ने नाराका साथ सन २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षका रुपमा घोषणा गरेर सहकारी अभियानलाई थप प्रभावकारी बनाउने काम भएको छ। विश्वभर सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने सहकारी व्यवसायलाई प्रवर्द्धन गर्ने र सहकारीमैत्री नीति निर्माण गर्ने लगायतका उद्देश्य सहित विश्वभर सहकारी वर्ष मनाइदैछ। यही सन्दर्भमा नेपाल सरकारले सहकारी तथा गरिवीनिवारण मन्त्रालयको समेत गठन गरेको अवस्थामा सहकारी क्षेत्रलाई व्यवस्थित गराउन सरकार, सहकारीकर्मीबीच समन्वय आवश्यक छ। बैंकले हालसम्म ६७ जिल्लाका करिब ५ हजार सहकारी संघ संस्थालाई आवद्ध गराई सकेको हुँदा आन्दोलनको महत्वपूर्ण क्षेत्र मै यसको सहभागिता छ र सहकारी क्षेत्रको नेपालमा कुल वित्तीय क्षेत्रको १५ प्रतिशत भन्दा माथि योगदान रहेको र गणितीय हिसावले आफ्नो र सदस्यहरुको कारोबार जोड्दा त्यो भन्दा पनि बढी अर्थतन्त्रमा योगदान रहेको छ। त्यसमा राष्ट्रिय सहकारी बैंकको समेत उल्लेखनीय योगदान रहेको छ। साथै सहकारी क्षेत्रमा लगानीलाई बढवा दिन पनि सहकारी बैंकलाई सबै सहकारीहरुको केन्द्रीय बैंक बनाउन आवश्यक छ।

## देश विकासमा सहकारी बैंकले योगदान दिन सक्छ



के.बी. उप्रेती
प्रबन्ध सञ्चालक

सहकारी क्षेत्रको विकास तथा सेवाको विस्तारसँगसँगै देशभरी नै समाजमा सहकारीको लोकप्रियतामा बृद्धि हुदै गएको छ। समाजका विभिन्न वर्गको आवश्यकता, व्यावसायिक खाँचो र बचत रकमको सुरक्षाका साथै सम्मानजनक व्याज आर्जन हुने क्रममै छरिएर रहेको पूँजी एकीकृत हुन गई सानादेखि मझौला व्यावसाय सञ्चालन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। समुदायका बासिन्दाहरु नै सदस्य भएको, बैंक तथा वित्तीय सेवाको पहुँच नपुगेका स्थानहरुमा समेत सहकारी संस्थाहरु सफल रुपमा सञ्चालन हुँदै देशभरका ६० लाखभन्दा बढी मानिसहरु सहकारी अभियानमा आबद्ध भएका, लाखौंले रोजगारी प्राप्त गर्न सकेका र कृषि तथा पशुपालनको क्षेत्रमा समेत प्रगति हुनमा सहकारी संघ संस्थाहरुको योगदान रहेको कुरामा दुइमत छैन। मुलुकको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थामा परिवर्तन ल्याउनका लागि सहकारी क्षेत्रलाई व्यवस्थित गराउन आवश्यक छ।

तीन खम्बे अर्थनीति अनुसार राज्यको आर्थिक विकास गर्ने सरकारको लक्ष्य पूरा गराउनका लागि सहकारी अभियान अगाडि बढिरहेको छ, यसलाई परिणाममुखी बनाउन सरोकारवालाहरुले ध्यान दिनुपर्छ। यसै अभियानमा राष्ट्रिय सहकारी बैक लिमिटेड पनि विगत १० वर्षदेखि सञ्चालनमा आइरहेको छ। केन्द्रीय कार्यालय सहित देशभरका २९ शाखा मार्फत झण्डै ५ हजार सहकारी संघ संस्थाहरुलाई वित्तीय कारोबारमा सहभागी गराएकोले समाजमा रोजगारी सिर्जना गर्न, नेतृत्व विकास गर्न र आर्थिक, सामाजिक उन्नतिमा यस बैंकले टेवा पुऱ्याएको छ। सहकारीको माध्यमबाट देश विकासमा टेवा पुऱ्याउनका लागि सहकारी बैंकलाई ७५ वटै जिल्ला पुऱ्याउन, सबै जिल्लामा शाखा स्थापना गर्न तथा सहकारीको मूल्य, मान्यता र सिद्धान्त, नेपाल सरकारको लक्ष्य, नेपाल राष्ट्र बैंक र सहकारी विभागको मातहतमा रहेर कामगर्न बैंकको सम्पूर्ण टिम क्रियाशील छ। साथै बैंकको सेवालाई प्रभावकारी बनाउन आन्तरिक सुदृढिकरणका लागि बैंक लागि परेको छ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको वर्तमान अवस्था



सि.ए. बद्रीकुमार गुरागाईं
नायव महाप्रबन्धक

परिचय :-

मुलुकमा छरिएर रहेको पूँजी, सीप र साधनलाई एकीकृत रुपमा परिचालन गरी सहकारीका सदस्य संघ/संस्थालाई वित्तीय तथा अन्य सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुऱ्याउने उद्देश्यले वि. स. २०६० आषाढ २५ गतेका दिन विधिवत् रुपमा यस बैंकको स्थापना भएको हो। हाल यस बैंकमा करिब ५००० सहकारी संस्था/संस्था सदस्य भई मुलुकभरमा २९ वटा शाखा कार्यालय मार्फत बैंकिङ सेवा उपलब्ध गराउदै आएको छ।

**बैंकद्वारा प्रदान गरिने सेवाहरू :**

सहकारीकर्मीहरूको लामो प्रयास पछि स्थापित यस बैंकले आफ्ना सदस्य सहकारी संघ/संस्थालाई सम्पुर्ण बैंकिङ सुविधा उपलब्ध गराउदै आएको छ। यस बैंकले हाल प्रदान गर्दै आएको एंव निकट भविश्यमा सुचारु गर्ने सेवा निम्नानुसार छन्।

क) निक्षेप प्राप्ति
ख) कर्जा लगानी
ग) बैंक जमानत
घ) विप्रेषण
ङ) Utility Payment Service
च) Pos Cash Service
छ) तालिम, गोष्ठी तथा सेमिनार

**क) निक्षेप प्राप्ति**

विगतमा सहकारी बैंक नहुँदा सहकारी क्षेत्रले व्यहोर्नु परेको समस्या यस बैंकको स्थापना पछि समाप्त भएको छ। यस बैंकले हाल आफ्ना सदस्यहरूलाई विभिन्न प्रकारका Deposit Scheme ल्याएर सेवा पुऱ्याई रहेको छ। यस आर्थिक वर्ष २०६८/०६९ मा कुल निक्षेप रु ३,३९,५६,९३,२३६।- छ भने आर्थिक वर्ष ०६७/६८ मा रु १,२३,२८,६१,१८६।- थियो। यस प्रकार हरेक आर्थिक वर्षमा कारोबार गर्ने सदस्यहरूको बृद्धि एवम् कारोबार रकमको समेत वृद्धिले सदस्यहरूले यस बैंकमा देखाएको विश्वास प्रमाणित भएको छ।

**ख) कर्जा लगानी**

सहकारी संघ/संस्थालाई कर्जा उपलब्ध गराउने एक मात्र यस बैंकले यस आर्थिक वर्षमा विभिन्न प्रकारका कर्जा अर्न्तगत रु १,६९,१९,७५,१६०।- लगानी गरेको छ। गत आर्थिक वर्षमा कुल कर्जा लगानी रु ९१,५०,६१,७२४।- रहेको थियो। यस आर्थिक वर्ष देखि बैंक तथा वित्तीय संस्थाबाट् विपन्न वर्गमा जाने कर्जालाई यस बैंकको माध्यमद्वारा लगानी गर्ने नीति अनुरुप विभिन्न बैंक तथा वित्तीय संस्थासुगको साझेदारीमा लगानी गर्न सुरु गरिएको सकिएको छ। त्यसैगरी आर्थिक रुपले पिछडिएको दलित, जनजाति, महिला तथा सीमान्त वर्गका परिवारको कृषि व्यवसाय प्रबर्द्धन, लघु उद्योग तथा सेवा व्यवसायको लागि उनीहरूको सीप दक्षता र क्षमतामा अभिवृद्धि गराई स्वरोजगारमुलक व्यवसाय संचालन गर्नका लागि आवश्यक पूँजी सहयोग स्वरुप उपलब्ध गराई व्यवसायी बनाउन युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको सहकार्यमा सदस्य सहकारी संघ/संस्था मार्फत लगानी सुरु गरिएको छ। यसबाट हालसम्म ४११ जना सहकारी संस्थाका सदस्यहरू स्वरोजगार हुन सफल भएका छन्।

**ग) बैंक जमानत**

बैंकद्वारा प्रदान गरिएका सेवा (Non Fund Based) कारोबार मध्ये बैंक ग्यारेन्टी एउटा प्रमुख कार्य हो। साधारणतया यो सुविधा ठेक्का पट्टा सम्बन्धी कार्य गर्ने निर्माण व्यवसायी समान सप्लाई गर्ने व्यक्ति तथा भन्सार प्रयोजनलाई समेत फर्म तथा कम्पनीहरू जो यस बैंकका शेयर सदस्यहरू सदस्यका सदस्यलाई प्रदान गरिन्छ। साथै उधारोमा समान खरिद गर्न पेश्की लिन, इजाजत र एजेन्सी लिन एवं अन्य कार्य गर्न जहाँ धरौटी राख्नुपर्ने हुन्छ। त्यसरी राख्नु पर्ने धरौटीको सट्टामा बैंक ग्यारेण्टी माग्न आएमा पनि बैंक ग्यारेण्टी जारी गर्न सकिन्छ।

**बैंक जमानतका प्रकारहरू :**

यस बैंकका शेयर सदस्यहरू सदस्यका सदस्यलाई सेवा पुऱ्याउने हेतुले निम्न अनुसारको बैंक जमानत जारी गर्ने गर्दछ।

१) बीड बण्ड जमानत
२) पर्फमेन्स बण्ड जमानत
३) पेमैण्ट जमानत
४) अग्रीम पेश्की वापतको जमानत
५) डिफर्ड पेमेण्ट वा सप्लायर्स क्रेडिट जमानत
६) धरौटी जमानत

**घ) विप्रेषण**

बैकसँग आबद्ध सदस्य सहकारी संघ/संस्थाहरूलाई प्रदान गरिने सेवा तथा सुविधालाई क्रमशः विस्तार गर्दै जाने नीति अनुरुप यस बैंकले विभिन्न सेवा प्रदायकसँग सहकार्य गर्दै आएको छ। यसै क्रममा प्रभु मनिट्रान्सफर तथा आई. एम. ई. को व्यवस्थापनसँग समझदारी पत्रमा हस्ताक्षर गरि सकिएको छ। यसै आर्थिक वर्ष देखि नै विप्रेषण (Remittance) कारोबार सुरुवात गर्ने गरि तयार पुरा भएको छ।

**ङ) Utility Payment Service**

यस बैंकको आफ्ना सम्पुर्ण शाखा कार्यालयबाट NTC को Pre-paid, Postpaid / Landline एवम् Ncell को Prepaid, Postpaid का सम्पूर्ण रिचार्ज सुविधा उपलब्ध गराउने कार्यको थालनी भएको छ। साथै DTH को Service Kid Recharge पनि यस बैंकका शाखाहरू मार्फत गर्न सकिने व्यवस्था मिलाईको छ। यस्तो सुविधा थप गर्दै लैजाने नीति अनुरुप बत्ती एवम् पानीको महशुल समेत यसै बैंक मार्फत भुक्तानी गर्ने व्यवस्थाको लागि पहल भई रहको छ।

**च) Pos Cash Service**

यो सुविधा अर्न्तगत यस बैंकका सम्पूर्ण शाखा कार्यालयहरू मार्फत कुनै पनि बैंक तथा वित्तीय संस्थाका ATM Card मार्फत भुक्तानी लिन सकिने सहितको सुविधा प्रदान गरिने व्यवस्था गरिएको छ।

**छ) तालिम, गोष्ठी तथा सेमिनार**

यस बैंकमा आवद्ध कर्मचारीहरूलाई परिर्वतित प्रविधि तथा कार्यसम्पादन प्रक्रियाका बारेमा जानकारी गराई कार्यसम्पादनमा प्रभावकारिता ल्याई वृत्ति विकास गर्ने उद्देश्यले समयसमयमा तालिम तथा गोष्ठीको आयोजना गर्ने गरिएको छ। साथै यस बैंकसँग आवद्ध सहकारी संघ/संस्थाहरूको क्षमता अभिवृद्धिको लागि तालिम, गोष्ठी तथा सेमिनारको आयोजना क्रमश गर्दै जाने नीति रहेको छ।

**सुसाशन सम्बन्धि व्यवस्था:-**

यो बैंक नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट संचालनको इजाजत प्राप्त गरेको हुदा दुवै निकायद्वारा दिईने निर्देशनको पालना गर्नुका साथै दुवै निकायलाई मासिक, त्रैमासिक तथा वार्षिक प्रतिवेदनहरू पेश गर्दै आएको छ। यस बैंकद्वारा Centralize IT System लागू गरिएको छ। बैंकमा कार्यरत कर्मचारीहरूलाई आवश्यकता अनुसार एक विभागबाट अर्को विभागमा सरुवा गर्ने गरिएको छ जसले गर्दा प्रभावकारी रुपमा कार्य सम्पादनमा भएकोछ।

यस बैंकको केन्द्रीय कार्यालय लगाएत शाखा कार्यालयद्वारा सम्पादन भएका कामकारबाही लाई व्यवस्थित गराउन लागि आन्तरिक लेखा परीक्षण विभाग खडा गरी यसै वर्ष देखि कार्य प्रारम्भ गरिसकिएको छ। अन्त्यमा,

बैंकद्वारा प्रदान गरिएका सेवाबाट स्थानीय श्रोत साधन र सीपको अधिकतम उपयोग गरी लक्षित वर्गको आम्दानी अभिवृद्धि गर्ने गरी रोजगारी सिर्जना गर्ने तर्फ उन्मुख रहेका छन्। हालसम्म यस बैंकद्वारा २९ वटा शाखा कार्यालय मार्फत झण्डै ५००० सदस्य सहकारी संघ/संस्थालाई आवद्ध गराई सेवा प्रवाह गर्न सफल हुनुलाई बैंकको गौरवको रुपमा लिन सकिन्छ।

## साझा यातायात सञ्चालन हुने

ललितपुर/विगतमा नेपाल सरकारको मातहतमा रही सञ्चालनमा रहेको साझा यातायात पुन: सहकारी ऐन २०४८ अनुसार सहकारी मूल्य, मान्यता र सिद्घान्त अनुसार संचालनमा आउने भएको छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सभाहलमा मिति २०६९/०४/०८ मा सम्पन्न छलफल कार्यक्रममा साझा यातायात सहकारी संस्था लिमिटेडका अध्यक्ष कनकमणि दिक्षितले पूँजी व्यवस्थापन र व्यवस्थापन सम्बन्धि विविध पक्षको जानकारी गराउँदै पूँजी व्यवस्थापनमा बैंकलाई सहयोग गर्नु अनुरोध गर्नुभयो। बैंकका सल्लाहकार तथा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव वडालले अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ को अवसर पारेर साझा यातायात संचालन हुन लागेकोमा खुशी व्यक्त गर्दै सरोकारवाला सबै निकायलाई सहयोगका निमित्त आह्वान गर्नुभयो। राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले सहकारी संघ/संस्थाको वित्तीय आवश्यकता पूरा गर्न स्थापित सहकारी बैंकले आफ्नो नीति अनुसार सहयोग गर्दछ भनी विश्वास दिलाउनुभयो। उहाँले व्यवस्थापकीय समस्याका कारण विगतमा साझा यातायात बन्द हुन पुगेको र भविश्यमा सजग हुन व्यवस्थापनलाई सल्लाह दिनुभएको थियो।

बैंकको वित्तीय अवस्था र भावी कार्यक्रमबारे प्रबन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी गराउनुभएको थियो। साथै उक्त कार्यक्रम सहभागी परसलाल महर्जन, महेन्द्र पाण्डे लगायतले आफ्नो विचार व्यक्त गरेका थिए।

## सहकारी बैंकद्वारा छलफल तथा अर्न्तक्रिया गोष्ठी

**मोरङ**

मोरङका तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था सहित विभिन्न १५ वटा सहकारी संस्थाको बीच भेला राजघाटमा सम्पन्न भयो। अर्न्तराष्ट्रिय सहकारी वर्षको व्यानर सहितको र्‍याली गा.वि.स. परिक्रमा गरी छलफल भेलामा परिवर्तन भएको थियो। राष्ट्रिय सहकारी बैंकमा अध्यक्ष रमेश प्रसाद पोखरेल प्रमुख अतिथ्यता सम्पन्न भयो। उहाँले सहकारी संस्थाहरू अव कृर्षिमा व्यवसायिकताका साथ लाग्न र उत्पादनमा महत्व दिन अनुरोध गुर्न भयो। बैंकले कृर्षि क्षेत्रको लगाानीमा केही व्याजदर छुट दिएको समेत जानकारी गराउनु भयो। भेलामा केन्द्रीय तरकारी तथा फलफुल सहकारी संघका सचिव मुक्ति बराल लगाएतले आफ्नो मन्तव्य राख्नु भएको थियो।

**ताप्लेजुङ्ग**

ताप्लेजुङका विभिन्न ३० वटा सहकारी संस्था सहभागी तालिम कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक गणेश बस्नेतद्वारा बैंकले हालसम्म सञ्चालन गरेका विभिन्न सेवा तथा सुविधाको बारेमा जानकारी गराउनुभएको थियो। उक्त तालिम कार्यक्रममा सहभागी सहकारी संस्थाका प्रतिनीधिहरूले सहकारी बैंकको सेवा आफ्नो जिल्लाबाटै पाउने वातावरण तयार गरिदिनका लागि अनुरोध गरेका थिए।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
CO-OPERATIVE BANK LTD.

# National Co-operative Bank Ltd

**Central Office-Kupandole Lalitpur**

**Unaudited Financial Results**

**As at 4th Qtr (31 / 03 /2069 ) of the Fiscal Year 2068 / 2069**

**२०६९ आषाढ मसान्तसम्मको वित्तीय विवरण (लेखापरीक्षण हुनुभन्दा अगाडि)**

**Rs.in 000**

| S.n | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital And Liabilities(1.1 to 1.7)** | **3,926,425** | **2,449,192** | **1,501,003** |
| 1.1 | Paid Up Capital | 266,235 | 231,268 | 185157 |
| 1.2 | Reserve and Surplus | 62,552 | 38,566 | 20375 |
| 1.3 | Debenture and Bond | - | | |
| 1.4 | Borrowings | 131,143 | 56,500 | 30000 |
| 1.5 | **Deposit(a+b)** | 3,395,693 | 2,062,515 | 1,232,861 |
| | a.Domestic Currency | 3,395,693 | 2,062,515 | 1232861 |
| | b.Foreign Currency | | | |
| 1.6 | Income Tax Liability | | | 526 |
| 1.7 | Other Liabilites | 70,802 | 60,343 | 32084 |
| 2 | **Total Assets(2.1 to 2.7)** | **3,926,425** | **2,449,192** | **1,501,003** |
| 2.1 | Cash and Bank Balance | 1,744,624 | 800,184 | 566959 |
| 2.2 | Money at Call and Short Notice | | | |
| 2.3 | Investments | 430,070 | 157,791 | 105 |
| 2.4 | Loans and Advances | 1,691,975 | 1,428,399 | 915061 |
| 2.5 | Fixed Assets | 24,811 | 26,250 | 10447 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 34,945 | 36,568 | 8431 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest Income | 303,935 | 181,562 | 128205 |
| 3.2 | Interest Expense | 206,070 | 134,532 | 71709 |
| | ***A.Net Interest Income(3.1-3.2)*** | ***97,865*** | ***47,030*** | ***56,496*** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 17,882 | 10,587 | 9623 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | | | |
| | ***B.Total Operating Income(A+3.3+3.4+3.5)*** | ***17,882*** | ***10,587*** | ***9,623*** |
| 3.6 | Staff Expenses | 23,000 | 15,094 | 10259 |
| 3.7 | Other Operating Expenses | 22,527 | 12,493 | 13647 |
| | ***C.Operating Profit Before Provision(B-3.6-3.7*** | ***70,220*** | ***30,030*** | ***42,213*** |
| 3.8 | Provision for Possible Losses | 11,716 | 4,231 | 4342 |
| | ***D.Operating Profit(C-3.8)*** | ***58,504*** | ***25,799*** | ***37,871*** |
| 3.9 | Non Operating Income/Expenses(Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 277 | - | 71 |
| | ***E.Profit From regular Activities(D+3.9+3.10)*** | ***58,781*** | ***25,799*** | ***37,942*** |
| 3.11 | Extraordinary Income/Expenses(net) | | | |
| | ***F.Profit before Bonus and Taxes(E+3.11)*** | ***58,781*** | ***25,799*** | ***37,942*** |
| 3.12 | Provision for Staff Bonus | 5,344 | 2,345 | 1800 |
| 3.13 | Provision for Tax | 10,687 | 4,691 | 7228 |
| | ***G.Net Profit/Loss(F-3.12-3.13)*** | ***42,750*** | ***18,763*** | ***28,914*** |
| 4 | Ratios | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 13.79 | 16.39 | 20.57 |
| 4.2 | Non Performing Loan to Total Loan | 0.54 | - | 0.11 |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 232.13 | - | 976.07 |
| 4.4 | Cost of Fund | 10.48 | 11.75 | 12.36 |
| 4.5 | Credit to Deposit Ratio | 49.83 | 69.26 | 74.22 |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## केन्द्रीय कार्यालय, कुपन्डोल, ललितपुर

शाखा कार्यालयहरूको विवरण

| क्र.स. | कार्यालय | ठेगाना | फोन न. | फ्याक्स न. |
|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | कुपन्डोल, ललितपुर | ०१-५०११७८२ | ०१-५५५५६८७ |
| २ | शाखा कार्यालय | लगनखेल, ललितपुर | ०१-५५२९८७९ | ०१-५५२९८७९ |
| ३ | शाखा कार्यालय | चापागाउँ, ललितपुर | ०१-५५७४५८४ | ०१-५५७४५८४ |
| ४ | शाखा कार्यालय | नयाँबानेश्वर, काठमाडौं | ०१-४४६१९०७ | ०१-४१०४१५० |
| ५ | शाखा कार्यालय | चावहिल, काठमाडौं | ०१-४४७५४७५ | ०१-४४७५४७५ |
| ६ | शाखा कार्यालय | गोगंबु, काठमाडौं | ०१-४३६४६३४ | ०१-४३६४६३४ |
| ७ | शाखा कार्यालय | कलंकी, काठमाडौं | ०१-४२८४३९९ | ०१-४२८४३९९ |
| ८ | शाखा कार्यालय | न्यूरोड, काठमाडौं | ०१-४२१६०२२ | ०१-४२१६०२२ |
| ९ | शाखा कार्यालय | विर्तामोड, झापा | ०२३-५४०६३३ | ०२३-५४०६३३ |
| १० | शाखा कार्यालय | दमक, झापा | ०२३-५८५४३१ | ०२३-५८५४३१ |
| ११ | शाखा कार्यालय | उर्लाबारी, मोरङ | ०२१-५४१८६५ | ०२१-५४१८६५ |
| १२ | शाखा कार्यालय | विराटनगर, मोरङ | ०२१-४७०८९८ | ०२१-४७०१५३ |
| १३ | शाखा कार्यालय | इटहरी, सुनसरी | ०२५-५८७७६७ | ०२५-५८७७६७ |
| १४ | शाखा कार्यालय | बारा, सिमरा | ०५३-५२१०३८ | ०५३-५२१०३८ |
| १५ | शाखा कार्यालय | हेटौडा, मकवानपुर | ०५७-५२६९५५ | ०५७-५२६९५५ |
| १६ | शाखा कार्यालय | बुटवल, रुपन्देही | ०७१-५४०८०४ | ०७१-५४०८०४ |
| १७ | शाखा कार्यालय | घोराही, दाङ | ०८२-५६०९३६ | ०८२-५६१७५१ |
| १८ | शाखा कार्यालय | वीरेन्द्रनगर, सुर्खेत | ०८३-५२५२२९ | ०८३-५२५२२९ |
| १९ | शाखा कार्यालय | गोदामचोक, बागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ |
| २० | शाखा कार्यालय | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२२९ |
| २१ | शाखा कार्यालय | दमौली, तनहुँ | ०६५-५६२२५२ | ०६५-५६२२५२ |
| २२ | शाखा कार्यालय | पोखरा, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ |
| २३ | शाखा कार्यालय | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ |
| २४ | शाखा कार्यालय | बनेपा, काभ्रे | ०११-६६१०६३ | ०११-६६१०६३ |
| २५ | शाखा कार्यालय | चरिकोट, दोलखा | ०४९-४२१८७३ | ०४९-४२१८७३ |
| २६ | शाखा कार्यालय | धरान, सुनसरी | ०२५-५२५४७९ | ०२५-५२५४७९ |
| २७ | शाखा कार्यालय | दैलेख | ०८९-४२०५७७ | ०८९-४२०५७७ |
| २८ | शाखा कार्यालय | ठिमी, भक्तपुर | ०१-५०९३०१८ | ०१-५०९३०१८ |
| २९ | शाखा कार्यालय | कोहलपुर, बाँके | ०८१-५४१९०२ | ०८१-५४१९०२ |
| ३० | शाखा कार्यालय | सिन्धुलीमाडी, सिन्धुली | ०४७-५२०६४५ | ०४७-५२०६४५ |

## राष्ट्रिय सहकारी बैंक लिमिटेड

मिति २०६९ साल श्रावण १७ गते देखि लागुहुने व्याजदर

| साधारण बचत | व्याजदर | |
|---|---|---|
| न्युनतम मौज्दात रु १,०००।- | ५.०० | |
| विशेष बचत | व्याजदर | |
| न्युनतम मौज्दात रु १०,०००।- | ७.५० | |
| सुपर बचत | व्याजदर | |
| न्युनतम मौज्दात रु १ लाख भन्दा माथि | ८.५० | |
| न्युनतम मौज्दात रु २५ लाख भन्दा माथि | ८.७५ | |
| न्युनतम मौज्दात रु ५० लाख भन्दा माथि | ९.०० | |
| रु १ करोड भन्दा माथि | ९.५० | |
| मुद्दति निक्षेप | व्याज भुक्तानी अवधि | |
| अवधि | त्रैमासिक | एकमुष्ट |
| ६ महिने | ९.५० | १०.०० |
| १ बर्षे | १०.०० | १०.५० |
| कर्जा तर्फ | | |
| ऋणको प्रकार | अवधि | व्याजदर |
| क) मासिक किस्ता | ३ महिने | ११.५० |
| | ६ महिनै | १२.०० |
| | १ बर्षे | १२.५० |
| | २ बर्षे | १३.०० |
| | ३ बर्षे | १३.५० |
| | ४ बर्षे | १४.०० |
| | ५ बर्षे | १४.५० |
| ख) चालु पूँजी (रिभल्भिङ) कर्जा | १ बर्षे | १५.०० |

***मुद्दति निक्षेपमा:***

- कर्जा लिन सक्ने रकम: जम्मा भएको रकमको ९० प्रतिशत ।
- मुद्दति रसिदको धितोमा कर्जा लिदा थप १.५ प्रतिशत ।

***नोट:***

- सबै प्रकारका कर्जाको भाखा नाघेको रकममा १०% हर्जना लाग्नेछ ।
- सबै प्रकारको कर्जाको हकमा ग्रेस पिरियड ७ दिनको हुनेछ ।
- पुँजीबृद्धि स्किममा समावेश सहकारी संघ/संस्थाको बचतको हकमा ०.५% व्याजदर थप दिइनेछ ।
- यो व्याजदर समयसापेक्ष परिवर्तन हुनसक्नेछ ।

# हार्दिक श्रद्धाञ्जली



स्व.ओमप्रकाश शर्मा

जन्म: २०१२।५।१२ स्वर्गारोहण: २०६९।१।९

राष्ट्रिय सहकारी बैंक लिमिटेड, लेखा समितिका पूर्व संयोजक ओमप्रकाश शर्माको असामयिक निधनले सम्पूर्ण बैंक परिवारलाई स्तब्ध तुल्याएको छ । दु:खको यस घडिमा दिवगंत शर्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

के.बी.उप्रेती
प्रवन्ध सञ्चालक

रमेशप्रसाद पोखरेल
अध्यक्ष

**तथा**

**राष्ट्रिय सहकारी बैंक लि.परिवार**
**कुपण्डोल, ललितपुर**

## बैंकमा थप व्यवस्थापकीय कर्मचारी नियुक्त

ललितपुर/राष्ट्रिय सहकारी बैंक केन्द्रीय कार्यालयमा ०६८ साल फागुन ११ गतेदेखि नायव महाप्रबन्धकमा सी.ए. बद्रीकुमार गुरागाईं र प्रबन्धकमा हरि कृष्ण सापकोटालाई नियुक्त गरिएको छ ।

भारतको आई.सि.ए.आई. बाट चार्टड एकाउन्टेटको अध्ययन सम्पन्न गर्नु भएका गुरागाईंले नेपाल परिवार नियोजन संघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) लगायतका संघ/संस्थामा उच्चतहको व्यवस्थापनमा रही कार्य सम्पादन गर्नुभएको थियो । साथै उहाँले विगत लामो समय देखि विभिन्न वित्तीय तथा व्यापारिक क्षेत्रमा परामर्शदाताको रुपमा समेत कार्य गर्दै आउनु भएको छ ।

त्यसै गरी बैंकको प्रवन्धकमा नियुक्त हरिकृष्ण सापकोटाको राष्ट्रिय बाणिज्य बैंकमा कार्य सम्पादन गरेको अनुभव रहेको छ। साथै तत्कालीन अन्नपूर्ण विकास बैंक लि.को उच्च व्यवस्थापकीय जिम्मेवारीमा रही कार्य गरेको अनुभव समेत रहेको छ ।

उहाँहरूको नियुक्तिले बैंक व्यवस्थापनमा सुदृढ र चुस्त हुने अपेक्षा गर्दै बैंक परिवार सफलताको लागि शुभकामना व्यक्त गर्दछ ।

### बैंकको शेयर खरिद गर्दा चाहिने आवश्यक कागजातहरु :

- सहकारी संघसंस्थाको दर्ता प्रमाणपत्र
- संस्थाको विनियम
- स्थायी लेखा नम्बर (प्यान)
- संस्थाको अन्तिम वर्षको लेखापरीक्षण प्रतिवेदन
- शेयर खरिद सम्बन्धी सञ्चालक समितिको निर्णय
- संघ संस्थाको तर्फबाट तोकिएको प्रतिनिधिको नाम

# सहकारिता, संयुक्त राष्ट्रसंघ र अन्तराष्ट्रिय सहकारी वर्ष सन् २०१२ को सान्दर्भिकता



**हरिहरनाथ योगी**
**सञ्चालक, राष्ट्रिय सहकारी बैंक लि.**

**१) विषय प्रवेश :**

संयुक्त राष्ट्रसंघले सन् २०१२ लाई अन्तराष्ट्रिय सहकारी वर्षका रुपमा मनाउन आफ्ना सदस्य राष्ट्रहरुलाई आव्हान गरेका कारण यतिबेला संसारभरका मानिसहरुको ध्यान सहकारी क्षेत्रतर्फ तानिएको छ । स्वभाविक रुपले संयुक्त राष्ट्रसंघ जस्तो शक्तिशाली अन्तराष्ट्रिय संगठनले सहकारी क्षेत्रलाई विशेष महत्व प्रदान गर्नुले यस अभियानको गरिमा मात्र बढेको छैन कि औचित्य समेत प्रमाणित भएको छ ।

सन २०१२ को प्रारम्भसंगै अन्तराष्ट्रिय सहकारी वर्ष मनाउने सन्दर्भमा नेपाल लगायत संसारका सबैजसो मुलुकहरूमा विभिन्न कार्यक्रमहरु सम्पन्न भै रहेका छन । नेपालले पनि अन्तराष्ट्रिय सहकारी वर्षको अवसरलाई अत्याधिक सदुपयोग गरी नेपालको सहकारी अभियानलाई अझ मजबुत र सशक्त बनाउन सक्नुपर्दछ । किनकी संयुक्त राष्ट्रसंघले कुनै एउटा विषयलाई वर्ष भरि नै महत्व दिने कुरा सायद शताब्दीमा एक पटक मात्र आउन सक्दछ ।

**२) सहकारीता-विश्वव्यापी सिद्धान्त :**

सहकारीता के हो भन्ने सदर्भमा विभिन्न विद्वान र संस्थाका अभिव्यक्तिमा शाब्दिक अन्तर देखा परेता पनि अन्तर वस्तुको सारमा त्यति ठूलो फरक देखिदैन । विभिन्न विद्वानका धारणाहरु प्रस्तुत नगरी निम्न धारणाहरु मात्र प्रस्तुत गरिएको छ ।

- **बृहत नेपाली शब्दकोष** : 'एकसाथ मिलेर काम गर्ने, साथ साथै काम गर्ने सहयोगी साथी ।'
- **अन्तराष्ट्रिय सहकारी महासंघ** : 'सहकारीता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यावसाय मार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूर्ति गर्न स्वेच्छाले संगठित भएका व्यक्तिहरुको संस्था हो ।'

सहकारीताको अर्थभित्र रहेको भावनात्मक पक्षलाई व्यवहारबाट निर्देशित गर्न रोचडेली पायोनियर्सहरुले सन् १८४४ मा बनाएका ८ वटा नियमहरुलाई आधार बनाएर अन्तराष्ट्रिय सहकारी महासंघको १४ औ महाधिवेशन (१९३४) बाट अनुमोदन र सन् १९८८ हुँदै सन् १९९५ मा सम्पन्न म्यानचेष्टर महाधिवेशनबाट परिमार्जित सहकारीका ७ वटा सिद्धान्तले विश्वव्यापी रुपमा सहकारी अभियानलाई मार्ग निर्देश गरिरहेको छ । जुन यस प्रकार छन ।

१) स्वैच्छिक तथा खुला सदस्यता २) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण ३) सदस्यहरुको आर्थिक सहभागिता ४) शिक्षा, तालिम र सुचना ५) सहकारीहरु बीच समन्वय ६) स्वायत्तता र स्वतन्त्रता ७) समुदायप्रति चासो

उल्लेखित सिद्धान्तहरुलाई समयसापेक्ष बनाउने सन्दर्भमा गत नोभेम्वरमा मेक्सीकोको क्यानकुनमा सम्पन्न आई.सि.ए.को महासभाबाट सातौं सिद्धान्तमा वातावरणीय सरोकारको विषय थप गर्ने निर्णय भएको छ ।

**३) विश्व सहकारी अभियानमा संयुक्त राष्ट्रसंघको संलग्नता र अन्तराष्ट्रिय सहकारी वर्ष सन २०१२ :**

संसारका मुलुकहरु बीच हार्दिकतापूर्ण सहकार्य, विश्व शान्ति र सुरक्षा, समान अवसर र संवृद्धिका लागि स्थापित सबै भन्दा ठूलो विश्वव्यापी छाता संगठन नै संयुक्त राष्ट्रसंघ (UNO) हो । त्यसै गरी संसारभरका लाखौं सहकारीहरुको विश्वव्यापी छाता संगठन अन्तराष्ट्रिय सहकारी महासंघ ( आई.सि.ए.) संयुक्त राष्ट्रसंघको मानार्थ सदस्य हो । यी दुवैका कार्यक्रममा दुवै संस्थाका प्रतिनिधिहरु सहभागी हुने गर्दछन ।

अन्तराष्ट्रिय सहकारी महासंघले सन् १९२३ देखि प्रत्येक वर्ष जुलाईको पहिलो शनिवारलाई अन्तराष्ट्रिय सहकारी दिवसका रुपमा मनाउने निर्णय गर्‍यो भने सन् १९९४ मा संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९५ देखि उक्त दिनलाई अन्तराष्ट्रिय सहकारी दिवसका रुपमा मनाउन आफ्ना सदस्य राष्ट्र तथा संगठनहरुलाई निर्देशन जारी गर्‍यो । तत्पश्चात आई.सि.ए.को समन्वयमा संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष अन्तराष्ट्रिय सहकारी दिवस मनाउने सन्दर्भमा विशेष नाराको घोषणा गर्ने पनि गरेको छ ।

**(वर्ष सन्मा) नाराहरुः**

१९९५ : अन्तराष्ट्रिय सहकारी महासंघको अन्तराष्ट्रिय सम्वन्धमा वितेको सय वर्ष र अर्को शताब्दी
१९९६ : सहकारी व्यावसाय : जनता केन्द्रित दिगो विकास र सशक्तिकरणका लागि
१९९७ : विश्व खाद्य सुरक्षाका लागि सहकारीको योगदान
१९९८ : अर्थ व्यवस्थाका लागि सहकारी र भुमण्डलीकरण
१९९९ : सार्वजनिक नीति र सहकारी ऐन
२००० : सहकारी र रोजगारी प्रवर्द्धन
२००१ : तेश्रो सहश्राब्दीमा सहकारीको योगदान
२००२ : समाज, सहकारी समुदायप्रति चासो
२००३ : संयुक्त राष्ट्रसंघ सहश्राब्दी विकास लक्ष्यमा सहकारीको योगदान
२००४ : सबैलाई समान अवसर सृजना गर्न र स्वच्छ भूमण्डलीकरणका लागि सहकारी
२००५ : लघुवित्त हाम्रो व्यावसाय गरीवी निवारणमा सहकार्य
२००६ : सहकारी मार्फत शान्ति स्थापना
२००७ : सामाजिक उत्तरदायित्वका लागि सहकारी सिद्धान्त मूल्य मान्यता
२००८ : सहकारी व्यावसायद्धारा मौसम परिवर्तनको प्रतिरोध
२००९ : सहकारी व्यावसायद्वारा पुनः निर्माण
२०१० : सहकारी व्यावसायद्धारा महिला सशक्तिकरण
२०११ : युवा सहकारी व्यावसायको भविष्य
२०१२ : सहकारी व्यावसायद्धारा सुन्दर विश्वको निर्माण

सामाजिक न्यायमा आधारित दिगो विश्व अर्थतन्त्रका लागि सहकारी अर्थ प्रणाली महत्वपुर्ण आधारशिला भएको महशुस गरी संयुक्त राष्ट्रसंघले सहकारी अभियानलाई सहयोग समर्थन र उत्प्रेरित गर्दै आएको छ ।

संयुक्त राष्ट्रसंघको सन २००९ डिसेम्बर १८ मा सम्पन्न महासभाले " "सामाजिक विकासमा सहकारिता Cooperation in social development) प्रस्ताव पास गरी सन २०१२ लाई अन्तराष्ट्रिय सहकारी वर्षका रुपमा मनाउने निर्णय गऱ्यो साथै सहकारी व्यावसायको प्रयासबाट सुन्दर विश्वको निर्माण "Cooperative Enterprises build a better World" भन्ने मुल नारा समेत तय गऱ्यो । यसको प्रस्तावकमा नेपाल सहित ५१ राष्ट्रहरु थिए ।

**४) अन्तराष्ट्रिय सहकारी वर्ष सन् २०१२ को मुल नारामा निहित अन्तर वस्तुहरु :**

- सहकारीले नागरिकलाई उत्प्रेरित गर्दछ ।
- सहकारी व्यावसाय सदस्यहरुको स्वामित्व सदस्यहरुलाई सेवा र सदस्यहरुद्वारा संचालित हुन्छन । सहकारीले जीवनस्तर उकास्न र अर्थतन्त्रको सवलीकरणमा सहयोग पुऱ्याउंछ
- सहकारीले ग्रामीण तथा दुर्गम क्षेत्रको विकासमा योगदान पुऱ्याउँछ ।
- सहकारीले आर्थिक तथा सामाजिक दुवै आवश्यकताको सम्वोधन गर्दछ ।
- सहकारीले लोकतन्त्रको प्रवर्द्धन गर्दछ ।
- सहकारीबाट लैङ्गीक समानताको आधारमा गरीबीबाट मुक्ति पाउन सकिन्छ ।
- सहकारी युवाहरुको निमित्त दिगो व्यावसायको नमुना हो ।

**५) नेपालको सहकारी अभियान र अन्तराष्ट्रिय सहकारी वर्ष सन् (२०१२)**

वि.सं. २०१० मा योजना विकास तथा कृषि मन्त्रालय अर्न्तगत सहकारी विभागको गठनबाट अगाडि बढेको नेपालको सहकारी अभियान २०१३ सालमा चितवनको बखान सहकारीको नामबाट पहिलो सहकारी संस्थाको स्थापना सँगै आजसम्म आईपुग्दा भण्डै २६ हजार सहकारीहरुको स्थापना भैसकेको छ भने भण्डै ३० लाखको संख्यामा सदस्यहरु रहेको अवस्था छ । यी संस्थाहरुको कुल कारोवार ५३ अर्व भन्दा माथि रहेको अनुमान गरिएको छ । मुलुकभरका सहकारी संस्थाहरुको शेयर पूँजी सवा २० अर्वको नजिक छ भने बचत सवा १ खर्वको हाराहारीमा रहेको अनुमान गरिएको छ त्यसै गरी १ खर्व ५ अर्व लगानीमा रहेको छ । सहकारी क्षेत्रबाट २२ हजारले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरको अनुमान गरिएको छ भने सन्चालक र व्यवस्थापक गरी भण्डै २ लाख ७० हजारको संख्यामा प्रत्यक्ष रुपले जनशक्ति परिचालित छ ।

संयुक्त राष्ट्संघले सन् २०१२ लाई अन्तराष्ट्रिय सहकारी वर्षको घोषणा गरेबाट नेपाल जस्ता मुलुकको सहकारी अभियानलाई थप बल प्रदान हुनेछ जसबाट मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणका लागि नयां अवसरहरू प्राप्त हुने छन ।

संयुक्त राष्ट्रसंघको आव्हान अनुसार सन् २०१२ लाई अन्तराष्ट्रिय सहकारी वर्षका रुपमा सम्पन्न गर्न नेपालमा पनि कृषि तथा सहकारी मन्त्रीको अध्यक्षतामा ५१ सदस्यीय राष्ट्रिय समिति र जिल्ला तहमा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला कार्यान्वयन समिति समेत बनाई सकिएको छ । गठित केन्द्रीय तथा जिल्ला तहका समिति र प्रारम्भिक सहकारी संस्थाहरुको आयोजनामा विभिन्न कार्यक्रमहरु सम्पन्न भैरहेका समाचारहरु संचारमाध्यमबाट आईरहेका छन ।

**६) राष्ट्रिय समितिबाट अन्तराष्ट्रिय सहकारी वर्ष सन् २०१२ का लागि तय गरिएका कार्यक्रमहरु:**

- अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ को लोगो र नारा अंकित सहकारीका सुचनामूलक सामाग्रीहरु प्रकाशन गरी वितरण गर्ने ।
- संचारका माध्यमहरुबाट सहकारी शिक्षा सुचना र सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- सहकारी कार्यालय वा जिल्ला सहकारी संघको परिसरमा ५ वटा अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ जनाउने स्मारक निर्माण गर्ने ।
- यस अवधिमा सहकारी सम्वन्धि लेख रचना पुस्तकका लेखहरुलाई पुरस्कृत गर्ने, सहकारी सम्वन्धि विविध प्रतियोगिता गर्ने ।
- अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ को लोगो र नारा अंकित रु ५० र रु १०० को सिक्का मुद्रणका लागि पहल गर्ने ।
- अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ को लोगो र नारा अंकित हुलाक टिकट प्रकाशनका लागि पहल गर्ने ।
- राष्ट्रिय सहकारी संघले अन्तराष्ट्रिय सहकारी वर्षको लोगो र नारा अंकित टिकट बनाई बिक्री वितरणको व्यवस्था गर्ने ।
- सहकारीको अभ्युदयसँग सम्बन्धित आरम्भ नाटक विभिन्न स्थानमा मञ्चन गर्ने साथै वृत्त चित्र निर्माण गरी प्रदर्शन गर्ने ।
- सहकारी विकास विस्तार र प्रवर्द्धन सम्वन्धि क्षेत्रीय स्तरमा विचार गोष्ठीहरू संचालन गर्ने ।
- सहकारी क्षेत्रको विकास विस्तार र प्रवर्द्धनमा योगदान पुऱ्याउने व्यक्ति/संघ संस्थाहरुलाई पुरस्कृत गर्ने ।
- सहकारी वर्षको अन्त्यमा अन्तराष्ट्रिय सहकारी वर्ष सन् २०१२ को प्रतिवेदन प्रकाशित गर्ने आदि ।
- अन्तराष्ट्रिय सहकारी वर्ष २०१२ को नेपालको वेवसाईड स्थापना गरी सहकारी गतिविधिहरु सम्प्रेषण गर्ने ।
- अन्तराष्ट्रिय सहकारी नीतिको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि पेश गर्ने ।
- सहकारी ऐन तथा नियमावलीलाई समय सापेक्ष बनाउन विशेष पहल गर्ने आदि ।

**७) अन्तराष्ट्रिय सहकारी वर्षबाट नेपालले प्राप्त गर्न सक्ने सम्भावित उपलब्धिहरु :**

- सहकारी क्षेत्रतर्फ राज्यको जिम्मेवारीमा बृद्धि हुनेछ ।
- नयाँ बन्ने संविधानमा सहकारी क्षेत्रलाई उचित सम्बोधन गर्न दवाव सृजना हुनेछ ।
- सहकारी मैत्री ऐन नियमहरु बन्नका लागि वातावरण तयार हुनेछ ।
- सहकारी जागरण, भावना र ऐक्यवद्धतामा वृद्धि भई सहकारी अभियान अझ मजवुत हुनेछ ।
- सहकारीको प्रभाव भन्दा बाहिर रहेको क्षेत्र तथा समुदाय सहकारी अभियानमा समेटिने छन् ।
- सहकारी व्यावसाय सञ्चालन गर्ने सीप र उत्साहमा वृद्धि हुनेछ ।
- सहकारी संस्था नभएका गाउँ बस्तीहरुमा सहकारी संस्थाको स्थापना गर्ने वातावरण तयार हुनेछ ।
- विद्यालय, कलेज तथा विश्वविद्यालयको औपचापरिक शिक्षामा सहकारीको पाठ्यक्रम पनि समावेश हुनेछ ।
- सहकारी संस्थाहरु बैंकिङ सेवामा मात्र नभई वस्तु उत्पादन र वितरणको सेवामा केन्द्रित हुनेछन ।
- सहकारीका शेयर सदस्यको संख्या ३० लाखबाट ५० लाख पुग्नेछ र कारोवारमा पनि उल्लेख्य वृद्धि हुनेछ ।

**८) निश्कर्ष तथा सुझाव :**

संयुक्त राष्ट्रसंघले विचार पुऱ्याउनुपर्ने र महत्व दिनुपर्ने थुप्रै विषय वस्तुहरु छन सवै विषयलाई एकै साथ सम्वोधन गर्न सक्ने सम्भावनाहरु रहँदैनन । यस वर्ष सहकारीको विषयलाई संयुक्त राष्ट्रसंघले विशेष महत्व दिएको छ । यसबाट सहकारी क्षेत्रले विश्व अर्थतन्त्रमा छुट्टै नयाँ आर्थिक आयामको रुपमा स्थापित हुने अवसर पनि पाएको छ । साथै नेपाल जस्ता गरीवी, वेरोजगारी र भोकमरीबाट उम्कन नसकेका मुलुकहरुले सहकारी अर्थ प्रणालीलाई स्थापित गरी आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको दिशातर्फ अधि बढ्ने अवसर प्राप्त गर्नेछन । *जय सहकारी*

# दैलेखमा राष्ट्रिय सहकारी बैंकको २६ औं शाखा सञ्चालन

दैलेख/नेपालका सहकारी संघ संस्थाहरुको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेडको २६ औं शाखाको २०६८ माघ २१ गते शनिवार दैलेखमा उद्घाटन गरियो ।

राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष केशव बडालले शाखाको उद्घाटन गर्नु भएको थियो । उद्घाटनपछि बोल्दै बडालले अन्तर्राष्ट्रिय सहकारी वर्षका अवसरमा राष्ट्रिय सहकारी बैंकले पश्चिम क्षेत्रमा शाखा सञ्चालन गरेर सहकारी अभियानलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको बताउनुभएको थियो ।



दैलेखमा राष्ट्रिय सहकारी बैंकको २६ औं शाखा उद्घाटन समारोह

सन २०१२ मा विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न सबै संघ संस्थाहरुलाई आव्हान गर्दै उहाँले सहकारीका बारेमा जनचेतना अभिवृद्धि गर्ने, सहकारीमैत्री नीति निर्माण गर्ने र सहकारी क्षेत्रको प्रवर्द्धन हुने खालका गतिविधि सञ्चालन गर्नु पर्नेमा जोड दिनुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले राष्ट्रिय सहकारी बैंक मुलुकको सहकारी क्षेत्रको अभिन्न अंगका रुपमा स्थापित भइसकेकाले यसलाई सहकारीहरुको केन्द्रीय बैंक बनाउनका लागि सबै सहकारीकर्मीहरु एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभएको थियो ।

बाँकी १४ पेजमा ..................

# भक्तपुरमा राष्ट्रिय सहकारी बैंकको २७ औ शाखा सञ्चालन

भक्तपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको २७ औं शाखाको २०६८ फागुन ११ गते बिहीवार भक्तपुर जिल्लाको मध्यपुर ठिमीमा उद्घाटन गरियो ।

राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष केशव बडालले शाखाको उद्घाटन गर्नु भएको थियो । उद्घाटनपछि बोल्दै बडालले राष्ट्रिय सहकारी बैंकले शाखा विस्तार, सदस्यता विस्तार र आर्थिक कारोबारमा समेत उल्लेख्य प्रगति गरेको बताउनुभएको थियो । सहकारी बैंकलाई मुलुकका सबै सहकारी संघ संस्थाहरुको केन्द्रीय बैंकका रुपमा स्थापित गर्नका लागि सहकारी बैंक सम्बन्धी छुट्टै सहकारी बैंक ऐन आवश्यक रहेको उहाँले बताउनुभएको थियो ।

सहकारी ऐन, नियम र सिद्धान्त अनुसार अगाडि बढेको सहकारी बैंक देशका ६७ जिल्लाका भण्डै ४ हजार सहकारी संस्थालाई सदस्य बनाएर मुलुककै शसक्त वित्तीय संस्थाका रुपमा अगाडि आएको भन्दै उहाँले यसलाई थप व्यवस्थित गराउनका लागि सबै क्षेत्रको सहयोग आवश्यक रहेको बताउनु भएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलले राष्ट्रिय सहकारी बैंक सहकारी संघ संस्थाहरुको मात्र बैंक भएकाले सबै सहकारी संघ संस्थाहरुलाई बैंकमा आवद्ध हुन आग्रह गर्नुभयो ।



राष्ट्रिय सहकारी बैंक लि.को २७ औं शाखाको ०६८ फागुन ११ गते बिहीवार भक्तपुरमा उद्घाटन गर्दै राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडाल

बैंक व्यवस्थापन उपसमितिका संयोजक तथा बैंकका सञ्चालक सदस्य सरिता भट्टराइको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा डिभिजन सहकारी कार्यालय भक्तपुरका प्रमुख हरि बशिष्ठ, भक्तपुर जिल्ला सहकारी संघका अध्यक्ष सुरेन्द्रप्रताप शाह, राष्ट्रिय सहकारी बैंक व्यवस्थापन उपसमिति भक्तपुरका सह–संयोजक बालमुकुन्द सुवाल लगायतका वक्ताहरुले बैंकको महत्वका विषयमा चर्चा गर्नुभएको थियो ।

## राष्ट्रिय ........................

सहकारी बैंकलाई न्यून ब्याजमा सरल तरिकाबाट थोक कर्जा राज्यले नै उपलब्ध गराउनुपर्नेमा उहाँले जोड दिनुभएको थियो। आगामी दिनमा बैंकले तय गर्ने कार्यक्रम तथा योजनाबाट मुलुकको आर्थिक सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने भन्दै मन्त्री ढकालले सहकारी तथा गरीवी निवारण मन्त्रालय राष्ट्रिय सहकारी बैंकसँग मिलेर काम गर्न तयार रहेको बताउनुभयो। कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष तथा बैंकका सल्लाहकार केशवप्रसाद बडालले नेपाल सरकारले शेयर पूँजी थप गरेर वा भई रहेको शेयर पूँजीबाटै सहकारी बैंकले सम्पुर्ण कारोवार गर्न पाउनुपर्ने बताउनुभयो। सहकारी, सार्वजनिक र निजी तिनै क्षेत्र देशको आर्थिक विकासका लागि उत्तिकै महत्वपूर्ण रहेको उल्लेख गर्दै बडालले उत्पादन बृद्धि र सामाजिक न्याय दुवैलाई सँगै लिने अर्थ व्यवस्था भनेको सहकारी अर्थ व्यवस्था नै भएको दाबी गर्नुभयो।

सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव केशव भट्टराईले वित्तीय हिसाबले बैंकको अवस्था राम्रो छ तर केही चुनौती पनि भएकाले उद्देश्य केन्द्रित भएर अगाडि बढ्नुपर्ने बताउनुभयो। बैंकको प्रवर्द्धनका लागि मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नु भयो।

सहकारी विकास बोर्डका सह-अध्यक्ष सरोजकुमार शर्माले दुरदृष्टिकासाथ समन्वयात्मक ढङ्गबाट सहकारी क्षेत्रलाई अगाडि बढाउन धेरै प्रयासहरू गरिएको भन्दै एकीकृत ऐन बनाएर सबै संघहरू र बैंकलाई समेटेर अगाडि बढ्नुपर्ने बताउनुभयो। सहकारी विभागका रजिष्ट्रार केदार न्यौपानेले सहकारी बैंकले आफ्नो व्यवसाय मार्फत छुट्टै पहिचान बनाउनका लागि सक्रिय हुनुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष तथा बैंकका सल्लाहकार दीपकप्रकाश बास्कोटाले सहकारी बैंकको सेवा अन्य बैंक तथा वित्तीय संस्थाहरू भन्दा भिन्न हुन आवश्यक रहेको बताउनुभयो।

बैंकका सल्लाहकार तथा पूर्व महालेखा परीक्षक विष्णुबहादुर के.सी.ले सहकारी क्षेत्रमा थुप्रै समस्या भएपनि समाधानका लागि राज्य तहबाट कुनै सहयोग नभएको गुनासो गर्नुभयो। बैंक आफ्नै पहल र प्रयासबाट अगाडि बढेको उहाँले बताउनुभयो। बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा राष्ट्रिय सहकारी संघका सञ्चालक रविन्द्र केसी, बाबुराम अधिकारी, केन्द्रीय सूचना तथा सञ्चार सहकारी संघका अध्यक्ष विष्णुहरि ढकाल, चिया उत्पादक केन्द्रीय संघका अध्यक्ष गोविन्द दाहाल, केन्द्रीय स्वास्थ्य सहकारी संघका खेम सुवेदी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले बैंकको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। बैंकको निक्षेप र लगानी गत वर्षमा भन्दा यस वर्ष दोब्बर वृद्धि भएको छ। बैंकले आ.व २०६७/०६८ को अन्त्यसम्म १ अर्व २३ करोड निक्षेप संकलन, ९१ करोड लगानी गरेकोमा आ.व.२०६८/०६९ मा बढेर निक्षेप ३ अर्व र लगानी १ अर्व ९८ करोड पुगेको बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी दिनुभयो। बैंकमा हाल ६८ जिल्लाका झण्डै ५ हजार शेयर सदस्य रहेको छन्। बैंकले हाल सम्म २९ वटा शाखा कार्यालय स्थापना गरी कारोवार सञ्चालन गरिरहेको र क्रमश शाखा खोल्दै जाने नीति रहेको जनाएको छ। कार्यक्रममा स्वागत बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी र सञ्चालन नायव महाप्रवन्धक बद्रीकुमार गुरागाईंले गर्नु भएको थियो।

## बैंकद्वारा........................

फलेको देख्न पाइन्छ। उनको फर्ममा एकाबिहानै व्यापारीको भीड लाग्छ। लामा भन्छन्,-'तरकारी बेच्न टाढा जानु पर्दैन। घरमै तरकारी किन्न आउँछन्।' तरकारी फर्ममा तरकारीको हेरविचार गर्दैमा वित्छ उनीहरूको दैनिकी। तरकारीको गोडमेल गर्ने, बारी खनजोत गर्ने, औषधी तथा भिटामिन दिँदैमा दिन बितेको थाहा नहुने उनीहरू बताउँछन्। तैपनि आफ्नो काम सजिलो भएको उनीहरुको भनाइ छ। 'विदेशमा पसिना चुहाउनु भन्दा यो काम कति सजिलो कति'-उनी थप्छन्। सबै क्षेत्रबाट सहयोग पाइरहेको उनले सुनाए।

रोजगारको सिलसिलामा छ वर्ष इजरायल बिताएर आएका दिनहरू सम्झछन् उनी। मरिमरि घाममा पसिना निकालेर काम गर्दा पनि कमाउन सकिएन् यतै केही गरौंला भनी फर्कियौं किर्तिमानले भने-'बा' कै पेशामा खटेर लागेको छु आम्दानी पनि राम्रै छ। घरपरिवारलाई पनि समय दिन पाइएको छ, बालबच्चाको पढाईमा पनि सहयोग गर्न पाइएको छ उनीहरू भन्छन्। उनीहरू आजभोली बेमौसमी तरकारी खेतीबाटै परिवारलाई पुग्ने पैसा कमाउछन्। उनी भन्छन्-'लगानी जति सबै यसै वर्ष उठछ होला।' लामाका अनुसार सहरमा ताजा तरकारीको माग बढ्दो छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड दमक शाखा मार्फत मेची सहकारी संस्था लिमिटेड दमक झापाले विदेशबाट खाली हात फर्केका डम्मर खनाल, रामकुमार धिमाल लगायत ११ जना युवाहरूको समुह मार्फत युवा स्वरोजगार कोषको सहुलियत कर्जा लगानी गरी ३ महिना भित्रै ९ लाखको तरकारी बिक्री गरी आम्दानी गर्न सफल भएका छन्। साथै उनीहरूको समुहले १५ वटा गाईबाट व्यवसायिक गाईपालनको लागि फर्म खोलेका छन्। दैनिक १ सय ८० लिटर दुध बिक्री गरी मनग्य आम्दानी गर्न सफल भएका छन्।

ललितपुर लामाटारकी सीता पौडेलको विगतमा सामान्य घरखर्चका लागि पनि श्रीमान्को भर पर्नुपर्ने अवस्थाको हाल अन्त्य भएको छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको रकम बासुकी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले राष्ट्रिय सहकारी बैंक लिमिटेड मार्फत लिएकोमा उक्त रकम अरुले झैं उनले पनि कर्जा स्वरुप प्राप्त गरेकी छन्। त्यसै कर्जा रकमले २ वटा गाई खरिद गरी गाईको दुध बिक्रीबाट भएको आम्दानीले उनको घर संचालनमा सहज भएको छ। उनी भन्छिन्-'नुनतेलको लागि कसैको भर पर्नु पर्दैन।'

धापासी काठमाडौंकी शोभा कुमारी राईले सडक पेटीमा बसेर फलफूल बेच्नुपर्ने अवस्थाको अन्त्य भएको छ। उनले छिट्टै सटर भाडामा लिई फलफूल तथा जुस पसल संचालन गर्ने योजना रहेको बताईन्। बसुन्धरा काठमाडौं स्थित नमोबुद्ध बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले बैंक मार्फत थोक कर्जा प्राप्त गरी उनी जस्तै बरोजगार व्यक्तिलाई लगानी गरेको हो।

कसैको बारीमा लटरम्म टमाटर पाकेका छन्। कुनैको गाई दुहुनो छ, कुनै एक दुई महिना मै ब्याउने छ। बेरोजगार भै बस्नु भन्दा युवाहरू पनि यस्तै पेशामा लाग्दा राम्रो हुने उनीहरू बताउँछन। केही समय तालिम गरे धैरै राम्रो गर्न सकिन्छ। विदेशमा जानुभन्दा स्वदेश मै तरकारी खेती, गाईपालन, कुखुरापालन गर्दा निकै फाइदा हुने उनीहरूको सुझाव छ। हाल सम्म राष्ट्रिय सहकारी बैंक लिमिटेडले युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट पाँच करोड रकम प्राप्त गरी ३४ वटा विभिन्न जिल्लाका सहकारी संस्था मार्फत ४ सय ११ जनालाई स्वरोजगार बनाउन सफल भएको छ। लगानी पश्चात असुली भएको रकमको साँवा २३ लाख ५६ हजार ५ सय २५ र व्याज ९ लाख ७३ हजार २ सय ७६ कोषलाई फिर्ता गरिसकेको बैंकले जनाएको छ। लगानी पूर्व संचालन गरिने अभिमुखिकरण तालिम दैलेख, सुर्खेत, मोरङ, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे लगाएत सिन्धुपलाञ्चोक जिल्लामा समेत संचालन गरिसकिएको छ। युवा स्वरोजगार कोष अर्न्तगत प्राप्त रकमको कर्जा मागको अत्यधिक चाप, रकमको अभाव लगाएतका समस्याले गर्दा अपेक्षाकृत लक्ष्य प्राप्त गर्न नसकिएको बैंकले जनाएको छ।

# कोलहलपुर र सिन्धुलीमा राष्ट्रिय सहकारी बैंकको २८ र २९ औं शाखा



*बाँकेको कोलहलपुरमा बैंकको २८ औं शाखाको उद्घाटनको कार्यक्रममा मन्तव्य व्यक्त गर्दै बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेती*



*सिन्धुलीको सिन्धुलीमाढीमा सञ्चालित बैंकको २९ औं शाखाको उद्घाटन गर्दै बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल*

बाँके/राष्ट्रिय सहकारी बैंक लिमिटेडको २८ औं शाखा बाँकेको कोहलपुरमा स्थापना गरिएको छ। २०६९ बैशाख २४ गते सोमबार आयोजित एक कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले शाखाको उद्घाटन गर्नुभएको थियो।

अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ को अवसर पारी स्थापना गरिएको शाखाको उद्घाटनका क्रममा बोल्दै प्रबन्ध सञ्चालक उप्रेतिले सहकारी बैंकलाई सम्पूर्ण सहकारीहरुको केन्द्रीय बैकका रुपमा अगाडि बढाउनका लागि सम्पूर्ण सहकारीकर्मीहरुको सहयोग आवश्यक रहेको बताउनुभएको थियो।

उद्घाटन कार्यक्रममा जिल्ला सहकारी संघ बाँकेका अध्यक्ष पदम धिताल, महिला सहकारीकर्मीहरुका तर्फबाट एकमाया बि.क, दाङका कृषि सहकारी प्रतिनिधि शम्भु गौतम लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। बैंक सञ्चालक समितिका सदस्य हरिहरनाथ योगीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन जिल्ला कृषि सहकारी संघका अध्यक्ष प्रेमप्रसाद सुवेदीले गर्नुभएको थियो भने सो अवसरमा कोहलपुर सहकारी संस्थाका वरिष्ठ सहकारी व्यवस्थापक शिवबहादुर पण्डितले बैंकको शाखा कोहलपुरमा स्थापना गर्नका लागि गरिएका कार्यहरुको बारेमा जानकारी गराउनु भएको थियो। बैंकको शाखा स्थापनाका लागि महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै कोहलपुर सहकारी संस्था लिमिटेडलाई प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो।

सिन्धुली/राष्ट्रिय सहकारी बैंक लिमिटेडको २९ औं शाखा सिन्धुलीको सिन्धुलीमाडीमा स्थापना गरिएको छ। २०६९ श्रावण १० गते आयोजित एक कार्यक्रममा बैंकका अध्यक्ष रमेश पोखरेलले शाखाको उद्घाटन गर्नुभएको थियो। शाखा उद्घाटनका क्रममा बोल्दै अध्यक्ष पोखरेलले बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराई जनताको आर्थिक तथा सामाजिक स्तर उठाउन सहयोग पुऱ्याउने बताउनुभएको थियो।

सहकारी क्षेत्रको एक मात्र बैंकको रुपमा रहेको सहकारी बैंकले ग्रामीण क्षेत्र साना मझौला उद्योगमा लगानी गर्ने जानकारी गराउदै उहाँले ग्रामीण तथा शहरी क्षेत्रमा समेत बैंकिङ कारोबार गर्दै आएको बैकले सिन्धुलीमा खास गरेर ग्रामीण क्षेत्रका विपन्न किसानहरु आबद्ध सहकारीहरुलाई निरन्तर सहयोग गर्दै जाने बताउनुभएको थियो।

बैकको शाखा उद्घाटन कार्यक्रममा जुनार केन्द्रीय सहकारी संघका अध्यक्ष दीपक कोइराला, मौरीपालन केन्द्रीय सहकारी संघका अध्यक्ष गणेशबहादुर बस्नेत, सिन्धुली उद्योग वाणिज्य संघका उपाध्यक्ष अमरेशचन्द्र वैदार लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। बैक स्थापनाका लागि जिल्लामा रहेका १ सय १८ वटा सहकारी संघ संस्था बैकमा आबद्ध भएका थिए।

# "सहकारी मार्फत उत्पादनमा लाग्नु पर्नेमा जोड"

बागलुङ/५५ औं राष्ट्रिय सहकारी दिवस बागलुङमा एक कार्यक्रमको आयोजना गरी मनाइएको छ। 'सहकारी व्यवसायद्वारा समृद्ध नेपालको निर्माण' भन्ने नाराका साथ डिभिजन सहकारी कार्यालय बागलुङले आयोजना गरेको अर्न्तक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले सहकारी संस्थाहरु बीच संख्यात्मक नभई गुणात्मक प्रतिस्पर्धा हुनुपर्ने बताएका थिए। पछिल्लो समयमा अनुदानका प्राप्त गर्नका लागि सहकारी संस्थाहरु स्थापना हुने र केही समयमै निष्कृय हुने गरेको भन्दै सहकारी एकीकरण अभियान सञ्चालन गर्नुपर्ने बताएका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य सरिता भट्टराईले सहकारीले सबैलाई मालिक बनाउने भएकाले सहकारी मार्फत व्यवसाय तथा उत्पादनमा लाग्नुपर्ने बताउनुभएको थियो।

सो अवसरमा राष्ट्रिय सहकारी बैंक केन्द्रीय लेखा समिति सदस्य तथा जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष रामबहादुर जि.सी.ले सहकारीलाई मुलुकको अर्थतन्त्रको अभिन्न पाटो बनाउनका लागि सहकारीकर्मीहरुले यसका मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गरी व्यवसायिक बन्नुपर्ने बताउनु भएको थियो।

कार्यक्रममा बागलुङ दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष युक्तप्रसाद कँडेल, निमित्त स्थानीय विकास अधिकारी देवीप्रसाद सुवेदी, सम्मानित व्यक्तित्व स्यालम बहुउद्देश्यीय सहकारी संस्था मुस्ताङका अध्यक्ष पथबहादुर थकाली, समाजसेवी देवबहादुर श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। डिभिजन सहकारी कार्यालय बागलुङका प्रमुख विष्णु सुवेदीको अध्यक्षता, सीता शर्माको स्वागत र दुर्वल राजभण्डारीको सञ्चालनमा सम्पन्न भएको थियो।

त्यसैगरी जिल्ला सहकारी संघ बागलुङले सोही दिन बिहान धौलागिरी अञ्चल अस्पतालमा रहेका बिरामीलाई दूध र ग्लुकोज वितरण गरेको थियो। धौलागिरी अञ्चल अस्पतालमा रहेका २४ जना बिरामीको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै दूध तथा ग्लुकोज वितरण गरेको हो। राष्ट्रिय सहकारी बैंक केन्द्रीय सञ्चालक सदस्य सरिता भट्टराई, डिभिजन सहकारी कार्यालय बागलुङका प्रमुख बिष्णुप्रसाद सुबेदी, धौलागिरी अञ्चल अस्पताल विकास समितिका अध्यक्ष कृष्ण के.सी., डाक्टर प्रमोद गौडेल, जिल्ला सहकारी संघका पदाधिकारी सदस्य लगायतले दूध तथा ग्लुकोज वितरण गर्नुभएको थियो।



*५५ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा बागलुङमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक सरिता भट्टराई, साथमा लेखा सदस्य रामबहादुर जिसी लगायत*

# बुटवलमा राष्ट्रिय सहकारी दिवस मनाइयो

बुटवल/ बचत तथा ऋण जिल्ला सहकारी संघ रुपन्देहीको आयोजना र राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको सह-आयोजनामा ५५ औं राष्ट्रिय सहकारी दिवस ०६८ चैत २० गते मनाइयो।

राष्ट्रिय सहकारी बैंक बुटवल शाखाका बैंक व्यवस्थापन उप-समिति सह–संयोजक तथा बचत तथा ऋण जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष भिम तुलाचनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी पिताम्वर घिमिरे, डिभिजन सहकारी कार्यालय भैरहवाका प्रमुख रमा आचार्य, जिल्ला सहकारी संघका अध्यक्ष मुमेश्वर पन्त, जिल्ला दुध सहकारी संघका अध्यक्ष तोयनाथ पन्त, जिल्ला कृषि सहकारी संघका अध्यक्ष परशुराम सापकोटा, राष्ट्रिय सहकारी बैंक बुटवल शाखा प्रमुख नरेश पाण्डे लगायतले सहकारीको महत्व तथा अवश्यकताका बारेमा चर्चा गर्नु भएको थियो।

यसैगरी ५५ औं राष्ट्रिय सहकारी दिवस म्याग्दीमा पनि मनाइयो। जिल्ला सहकारी संघ म्याग्दीको आयोजनामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य सरिता भट्टराईले सहकारी अभियानलाई आम जनताको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको सहयोगी बनाउन सहकारीकर्मीहरुले समन्वय गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको थियो।

कार्यक्रममा डिभिजन सहकारी कार्यालय बागलुङका प्रमुख विष्णुप्रसाद सुवेदी, राष्ट्रिय सहकारी बैंक केन्द्रीय लेखा समिति सदस्य तथा जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष रामबहादुर जिसी, जिल्ला सहकारी संघ म्याग्दीका संस्थापक अध्यक्ष हरिकुमार श्रेष्ठ, पुर्व अध्यक्ष सुदर्शनकुमार श्रेष्ठ, म्याग्दी उद्योग बाणिज्य संघका अध्यक्ष कुविरकुमार श्रेष्ठ, बेनी बचत तथा ऋण सहकारीका उपाध्यक्ष शिवकुमार श्रेष्ठ, दरवाङ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मोतीराज उपाध्यायले सहकारीलाई उत्पादनमुखी व्यवसायीक र गुणस्तरीय बनाउनुपर्नेमा जोड दिनु भएको थियो।

कार्यक्रम जिल्ला सहकारी संघ म्याग्दीका अध्यक्ष देउप्रसाद छन्त्यालको अध्यक्षता, उपाध्यक्ष विजयकुमार श्रेष्ठको स्वागत र सचिव रुद्र गुरुङको सञ्चालनमा सम्पन्न भएको थियो।

# सहकारी अभियानमा समावेशी सहभागिता



गाउँगाउँमा सहकारीको समावेशी सहभागिता
महिला, पुरुष, जाति, जनजाति दलित सबैको एकता
सहकारी आन्दोलनको उपलब्धिलाई उठाऔं
सहकारी तथा गरीवी निवारण मन्त्रालयलाई बलियो बनाऔं
गाउँ, बस्ती, शहर, बजार, तराई, पहाड, हिमाल
सहकारी संघ संस्था खुलेका जिल्ला र गाविस छन् सफल

– कुलचन्द्र अधिकारी
*संयोजक, लेखासमिति*
*राष्ट्रिय सहकारी बैंक*

सहकारी अभियानमा लाखौंलाख मजदूर, किसान, श्रमजिवी सहभागी
गाउँदेखि जिल्ला हुँदै केन्द्रीय सहकारी विषयगत ब्यानरलाई सम्हाली
सहकारीहरूको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंकको सदस्यता बढाई
आफ्नो संस्था आफ्नो ठाउँमा आर्थिक उन्नतिलाई सघाई
सहकारीको छाता संगठन राष्ट्रिय सहकारी संघलाई उठाऔं
नेपाल र सहकारीको झण्डालाई फहराऔं
महिला दिदी बहिनीको सहकारीप्रतिको एकतालाई
सधैं मेहनत पसिनाको मूल्य र मान्यतालाई
एउटै पहिरन, एउटै सभ्यता, साडी चोलीमा सजिई
सहकारीको साधारणसभामा महिलाको भूमिका बढाई

सहकारीको ठूलो चाड साधारणसभामा उपस्थित रहनु
आफ्नो विचार प्रष्ट राखी, सहकारीको पहिचान देखाउनु ।
सहकारीको पर्वलाई महिलाहरुको उत्साहलाई
सहकारी माहौलमा तीजको पर्वमा संयुक्त गीत गाउनेलाई
कृषि क्षेत्र सहकारीको संगठित संस्थामा
सहकारी खेती गरौं चक्लाबन्दी एकतामा

तरकारी बीऊ बिजन पशुपालन फलफूल खेती पहाडमा
राम्रोसँग काम गरौं, दैनिक खटौं सहकारीमा
प्राइभेट कम्पनी व्यक्तिगत कामको सहकारी क्षेत्र भिन्न प्रकृतिको
सबै जुटौं, सबै मिलौं, बनौं सदस्य सहकारी संस्थाको
हामी सफल भएर नै एक समय यो देशमा सहकारीमैत्री सरकार बन्नेछ
हाल भएको कमीकमजोरीलाई सहकारी संगठित सदस्यबाट पूरा हुनेछ

राष्ट्रिय सहकारी बैंक लि.को सदस्य बनौं बाँकी रहेका संघसंस्था सबै
बैंकबाट सुविधा प्राप्त गरौं आफ्ना संघसंस्था मार्फत सदस्य सबै
सहकारी बैंकमा प्रवेश गरेका सबै हुन्छन सफल
केन्द्रीय कार्यालय सहित २९ शाखा पुगिसक्यो ३० औं सेवा भर्खर
अरु शाखा बढ्ने नै छन् तपाईंहरुको सक्रियताको पहल गरौं सकभर
४ अर्बको कारोबार भइरहेको छ अरु थप तपाईं पनि आउनुहोस् सहकारी

सहकारीको अन्तर सम्बन्धबाट यो देशको आर्थिक मुहार फेरिने भो
सहकारीको अभियानबाट देशको आर्थिक क्रान्ति सम्पन्न हुने भो ।

## पुरस्कृत संस्थाको तर्फबाट

हाम्रो बहुउद्देश्यीय सहकारी संस्था ( हाबस लि.) मेचीनगर-५, धुलाबारी झापाले यस क्षेत्रमै उत्कृष्ट रुपमा बचत तथा ऋण कार्यक्रम, हाबस सञ्चार केन्द्र, उपभोक्ता पसल एवं पशु औषधी, आहार सहित कृषि भण्डार सञ्चालन गरिरहेकोमा गत बर्षबाट मसला उद्योग स्थापना गरि स्थानीय कृषि उत्पादनका आधारमा बेसारको बजार सुनिश्चितता गरेको छ । यसका लागि कार्यक्षेत्र भित्रका शेयर सदस्य, समावेशी तथा गरिबीको रेखामुनि रहेका लक्षित वर्गभित्रका कृषि मजदुर समेतलाई कृषितर्फ अग्रसर र सरिक गराउन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिरहेको छ ।

'समूह, सामुहिकता र व्यवसायिकता हाबसको प्रतिबद्धता' नारा तय गरी ग्रामीण क्षेत्रका कृषकहरुलाई समूहमा आबद्ध गर्ने, सामुहिक खेती, पशुपालनमा आर्थिक तथा प्राबिधिक कार्यमा सेवा सहयोग पुऱ्याईरहेको छ । यसैबीच राष्ट्रिय सहकारी बैंकसित उत्कृष्ट कारोबार गरेको कारण राष्ट्रिय सहकारी बैंकको आठौं वार्षिक साधारण सभाले यस संस्थालाई सम्मान समेत प्रदान गरेकोमा हाबसले बैंकप्रति हार्दिक आभार सहित धन्यबाद ज्ञापन गर्दछौं ।

*– अध्यक्ष हरिचरण बानियाँ*

## दैलेखमा ..................

यस्तै युवा स्वरोजगार कोषका कार्यकारी उपाध्यक्ष प्रा.डा.पूण्यप्रसाद रेग्मीले युवाहरुलाई स्वरोजगार बनाउनका लागि सहकारीको विकल्प खोज्न नसकिने भएकाले सहकारी मार्फत नै स्वरोजगारका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, सञ्चालक सदस्य सरिता भट्टराई, पूर्व सञ्चालक गोविन्दबहादुर मल्ल, दैलेखका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल, स्थानीय विकास अधिकारी रामप्रसाद पाण्डे, जिल्ला कृषि विकास कार्यालयका प्रमुख सूर्यनाथ योगी, नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष पुष्कर थापा लगायतले सहकारी बैंकलाई सबै सहकारीको केन्द्रीय बैंक बनाउनुपर्ने बताउनुभएको थियो । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य हरिहरनाथ योगीको अध्यक्षता, जिल्ला सहकारी संघ दैलेखका अध्यक्ष भक्तकिशोर श्रेष्ठको स्वागत र सचिव दिपक हमालको सञ्चालनमा सम्पन्न भएको थियो ।

उद्घाटन पूर्व दैलेखका सहकारीकर्मीहरूको ऱ्यालीले बजार परिक्रमा गरेको थियो । दैलेखका ७० भन्दा बढी सहकारी संघ संस्था राष्ट्रिय सहकारी बैंकमा आवद्ध भएपछि बैंकको शाखा सञ्चालन गरिएको र सहकारी संघ संस्थाहरु थपिने क्रम जारी रहेको सञ्चालक हरिहरनाथ योगीले बताउनुभयो ।

## कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम



*३ दिने तालिममा सहभागी बैंकका सबै शाखाका सहायक स्तरका कर्मचारीहरु*

ललितपुर / राष्ट्रिय सहकारी बैंक लिमिटेडका सबै शाखामा कार्यरत सहायक स्तरका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम २०६९ जेठ २४ देखि २६ गतेसम्म केन्द्रीय कार्यालय कुपण्डोल ललितपुर मा दिइएको थियो। तालिमको उद्घाटन सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री एकनाथ ढकालले गर्नुभएको थियो।

उहाँले सो अवसरमा कुनै पनि संस्थालाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि कर्मचारीको सिप, क्षमता र उत्साहमा वृद्धि हुनु पर्नेमा जोड दिनुभयो। तालिमले कर्मचारीलाई थप उत्साहका साथ कार्यक्षेत्रमा खट्न मद्दत पुग्ने बताउनुभएको थियो। कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले कर्मचारी र सञ्चालकबीच समन्वय भएमा काम प्रभावकारी हुने बताउनुभयो। बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बैकका नायव महाप्रवन्धक बद्रीकुमार गुरागाई, प्रवन्धक हरिकृष्ण सापकोटा, मोहन कार्की, हिरा सुनार, सुरेश खनाल लगाएतले लगानी, असुली तथा लेखा व्यवस्थापन, आर्थिक विवरण लगायत विभिन्न विषयमा जानकारी गराउनु भएको थियो

## बैंकको स्थापना दिवसमा बन्दीहरुलाई फिल्टर वितरण



*बन्दीहरुलाई फिल्टर हस्तान्तरण गर्दै बागलुङका प्रमुख जिल्ला अधिकारी महादेव पन्थ, साथमा बैंकका लेखा समिति सदस्य रामबहादुर जि.सी लगायत*

बागलुङ / राष्ट्रिय सहकारी बैंक लिमिटेडको दशौं स्थापना दिवसको अवसरमा बागलुङ शाखाले २०६९ असार २५ गते बागलुङ जिल्ला कारागारका बन्दीहरुलाई दुइवटा फिल्टर वितरण गरेको छ। महिला र पुरुष बन्दीहरुलाई एक / एक थान फिल्टर वितरण गरिएको शाखाले जनाएको छ। बागलुङका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले बन्दीहरुलाई फिल्टर प्रदान गर्नु भएको थियो।

राष्ट्रिय सहकारी बैंकका लेखा समिति सदस्य तथा नेपाल पत्रकार महासंघ बागलुङ शाखाका अध्यक्ष रामबहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पन्थ, राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका सह-संयोजक कृष्णशंकर श्रेष्ठ, मानवअधिकारकर्मी राम शर्मा, बन्दी नाइके ससबहादुर बि.क. लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। सोही दिन नेपाल पत्रकार महासंघ बागलुङ शाखाको १३ औ स्थापना दिवस परेकाले महासंघले बन्दीहरुलाई पुस्तक वितरण गरेको थियो।

## हार्दिक वधाई तथा शुभकामना



**एकनाथ ढकाल**
मन्त्री, सहकारी तथा
गरिबी निवारण मन्त्रालय

नेपाल सरकारले सहकारी तथा गरिवी निवारण मन्त्रालय गठन गरी उक्त मन्त्रालयको जिम्मेवारी माननीय मन्त्री एकनाथ ढकाल ज्यूलाई दिएकोमा नेपाल सरकारप्रति आभार प्रकट गर्दै मन्त्रीज्यू प्रति हार्दिक वधाई ज्ञापन गर्दछौं। उहाँको कार्यकालमा सहकारी क्षेत्रको थप उन्नति हुने अपेक्षा सहित सफलताको कामना गर्दछौ।

| | |
|---|---|
| के.बी.उप्रेती | रमेशप्रसाद पोखरेल |
| प्रवन्ध सञ्चालक | अध्यक्ष |

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**कुपण्डोल, ललितपुर**

## हार्दिक वधाई तथा शुभकामना



**केदार न्यौपाने**
रजिष्ट्रार, सहकारी विभाग

नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभागको रजिष्ट्रार (पदेन सञ्चालक, राष्ट्रिय सहकारी बैंक लि.) मा नियुक्ति हुनु भएकोमा केदार न्यौपाने ज्यूमा हार्दिक वधाई ज्ञापन गर्दै उहाँको कार्यकालमा सहकारी क्षेत्रको उत्तरोत्तर प्रगति हुने अपेक्षा सहित प्रगतिको कामना गर्दछौं।

| | |
|---|---|
| के.बी.उप्रेती | रमेशप्रसाद पोखरेल |
| प्रवन्ध सञ्चालक | अध्यक्ष |

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**कुपण्डोल, ललितपुर**



सहकारी तथा गरिबी निवारण मन्त्री माननीय एकनाथ ढकाल ज्यू बैंकको दशौं स्थापना दिवस कार्यक्रमको उद्घाटन गर्नुहुँदै




राष्ट्रिय सहकारी बैंक लि.को २७ औं शाखाको भक्तपुरमा उद्घाटन पछि बोल्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडाल